**आकाशवाणी समाचार- नेपाली**

मितिः २८ दिसम्बर २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

१. राष्ट्रपति द्रौपदी मुर्मुले आज उत्तरी कर्नाटकको कारवारमा रहेको आईएनएस कदम्बा नौसेना बेसको भ्रमण गर्दै हुनुहुन्छ।

२. प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा मुख्य सचिवहरूको पाँचौं राष्ट्रिय सम्मेलनको अध्यक्षता गर्नुहुनेछ।

३. केन्द्रीय ग्रामीण विकास मन्त्री शिवराज सिंह चौहानले कांग्रेस पार्टीले राष्ट्रिय ग्रामीण रोजगार ग्यारेन्टी ऐन २००५ मा महात्मा गान्धीको नाम केवल चुनावी लाभका लागि मात्र समावेश गरेको आरोप लगाउनु भएको छ।

४. सरकारले 44 हजार सात सय करोडको दुई प्रमुख जहाज निर्माण परियोजनाहरूको लागि सञ्चालन दिशानिर्देशहरू जारी गरेको छ।

५. महिला क्रिकेटमा भारतले आज केरलाको तिरुवनन्तपुरममा चौथो टी-२० अन्तर्राष्ट्रिय म्याचमा श्रीलंकासँग खेल्नेछ।

**राष्ट्रपति-कर्णाटक**

राष्ट्रपति द्रौपदी मुर्मुले आज उत्तरी कर्नाटकको कारवारमा रहेको आईएनएस कदम्बा नौसेना बेसको भ्रमण गर्नुहुनेछ। उहाँ गोवाबाट कारवार नौसेना बेसमा उडान गर्नु गर्नु हुनेछ जहाँ उहाँलाई कर्नाटकका राज्यपाल थावरचन्द गहलोत र राज्यका मन्त्रीहरूले स्वागत गर्नेछन्। राष्ट्रपतिले कारवार बन्दरगाहबाट पनडुब्बीबाट यात्रा गर्नु हुनेछ। पूर्व राष्ट्रपति ए.पी.जे. अब्दुल कलामले यसअघि २००६ मा विशाखापट्टनममा पनडुब्बीबाट यात्रा गर्नु भएको थियो ।

राष्ट्रपतिको भ्रमणका कारण कारवारदेखि मजलीसम्मको १८ किलोमिटर तटीय क्षेत्रमा माछा मार्ने काममा प्रतिबन्ध लगाइएको छ।राष्ट्रपति द्रौपदी मुर्मु भारतीय वायुसेनाको दुई लडाकु विमान उडाउने देशकी पहिलो राष्ट्रपति हुन्। उनले यस वर्षको १९ अक्टोबरमा राफेल र २०२३ मा सुखोई-३० एमकेआई उडाउनु भएको थियो।

**प्रधानमन्त्री-मुख्य सचिवहरू**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा मुख्य सचिवहरूको पाँचौं राष्ट्रिय सम्मेलनको अध्यक्षता गर्नुहुनेछ। उहाँले हिजो पनि यो बैठकको अध्यक्षता गर्नुभयो। सामाजिक सञ्जालमा पोस्ट गर्नु हुँदै श्री मोदीले सम्मेलनको क्रममा शासन र सुधारसँग सम्बन्धित विभिन्न मुद्दाहरूमा गहन छलफल भएको बताउनु भएको छ। तीन दिने सम्मेलन शुक्रबारदेखि सुरु भएको थियो। सम्मेलनको उद्देश्य राष्ट्रिय विकास प्राथमिकताहरूमा निरन्तर संवादमार्फत केन्द्र-राज्य साझेदारीलाई सुदृढ पार्नु हो।

यो सम्मेलन प्रधानमन्त्रीको सहकारी संघीयताको दृष्टिकोणसँग मेल खान्छ। यो एउटा प्लेटफर्म हो जहाँ केन्द्र र राज्यहरूले संयुक्त रूपमा देशको मानव पूँजी क्षमतालाई अधिकतम बनाउन र समावेशी र भविष्यका लागि तयार आर्थिक वृद्धि हासिल गर्न पाठ्यक्रम तयार गर्छन्।

सम्मेलनको विषयवस्तु विकसित भारतको लागि मानव पूँजी हो। राज्य र केन्द्र शासित प्रदेशहरूका लागि उत्कृष्ट अभ्यासहरू साझा गरिँदैछ। सम्मेलनमा पाँच प्रमुख क्षेत्रहरूमा व्यापक रूपमा छलफल भइरहेको छ। यसमा प्रारम्भिक बाल्यकाल शिक्षा, विद्यालय शिक्षा, सीप विकास, उच्च शिक्षा, खेलकुद र अतिरिक्त क्रियाकलापहरू समावेश छन्।

सम्मेलनमा राज्य नियमन, शासनमा प्रविधिको प्रयोग, जोखिम र न्यूनीकरण, स्मार्ट आपूर्ति शृङ्खला र बजार जडानको लागि कृषि स्ट्याक, एक राज्य - एक विश्वस्तरीय पर्यटन केन्द्र, आत्मनिर्भर भारत र आदिवासी र वामपन्थी अतिवादको सन्दर्भमा भविष्यका लागि रणनीतिहरू जस्ता विषयहरूलाई समेट्ने छवटा विशेष सत्रहरू हुनेछन्।

**प्रधानमन्त्री - मन की बात**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज बिहान ११ बजी आकाशवाणीमा "मन की बात" कार्यक्रममा आफ्नो विचार साझा गर्नुहुनेछ। यो मासिक रेडियो कार्यक्रमको १२९ औं एपिसोड हुनेछ। यो कार्यक्रम सम्पूर्ण आकाशवाणी र दूरदर्शन नेटवर्क, आकाशवाणी समाचार वेबसाइट र आकाशवाणी मोबाइल एपमा समाचार प्रसारण गरिनेछ। यो कार्यक्रम आकाशवाणी समाचार, दूरदर्शन समाचार र प्रधानमन्त्री कार्यालय र सूचना तथा प्रसारण मन्त्रालयको युट्युब च्यानलहरूमा प्रत्यक्ष प्रसारण गरिनेछ। आकाशवाणीमा हिन्दी प्रसारणपछि यो कार्यक्रम क्षेत्रीय भाषाहरूमा पनि प्रसारण गरिनेछ।

**शिवराज - विकसित भारत जी राम जी**

केन्द्रीय ग्रामीण विकास मन्त्री शिवराज सिंह चौहानले कांग्रेसमाथि आक्रमण गर्नु हुँदै पार्टीले राष्ट्रिय ग्रामीण रोजगार ग्यारेन्टी ऐन २००५ मा महात्मा गान्धीको नाम केवल चुनावी लाभका लागि मात्र समावेश गरेको आरोप लगाउनु भएको छ। भोपालमा पत्रकारहरूसँग कुरा गर्नु हुँदै श्री चौहानले भन्नु भयो, कांग्रेस सरकारको समयमा मनरेगा भ्रष्टाचारको पर्यायवाची बनेको छ। उहाँले भन्नु भयो, कांग्रेस पार्टीले बारम्बार मनरेगा बजेट घटाएको छ। उहाँले आरोप लगाउनु भयो, विपक्षीले चुनावी लाभका लागि निरन्तर महात्मा गान्धीको नाम प्रयोग गरेको छ।

केन्द्रीय मन्त्रीले भन्नु भयो, श्रमिकहरूको लागि पर्याप्त काम सुनिश्चित गर्न एक लाख 51 हजार करोड़भन्दा बढीको प्रस्तावित बजेट विनियोजन गरिएको छ। उहाँले भन्नु भयो, विकसित भारतको लागि, गाउँहरूको विकासमा ध्यान केन्द्रित गरिएको छ, जहाँ सबै विकास कार्य ग्राम पंचायतद्वारा गरिनेछ। केन्द्रीयमन्त्रीले भन्नु भयो, मनरेगा अन्तर्गत, यूपीए सरकारले दो लाख 13 हजार करोड मात्र खर्च गरेको थियो, जबकि नरेन्द्र मोदी सरकारले आठ लाख 53 हजार करोडभन्दा बढी खर्च गरेको छ।

**बाइट**

उहाँले भन्नु भयो, विकासित भारत: जी राम जी योजना अन्तर्गत, अब दिल्लीमा होइन, गाउँ स्तरमा निर्णय लिने निर्णय गरिएको छ। उहाँले भन्नु भयो, ग्राम पंचायतहरूले एकसाथ बसेर आफ्नै विकास योजनाहरू तयार गर्नेछन्।

केन्द्रीय मन्त्रीले भन्नु भयो, यस योजना अन्तर्गत रोजगारी घटाइएको छैन, बरु बलियो बनाइएको छ। उहाँले जोड दिनु भयो, ग्यारेन्टी गरिएको काम गर्ने दिनको संख्या १०० बाट १२५ दिन गरिएको छ। श्री चौहानले यो पनि भन्नु भयो, नयाँ ऐनले तोकिएको समयभित्र काम प्रदान नगरेमा बेरोजगारी भत्ताको व्यवस्था गर्दछ।

**सोनोवाल - जहाज निर्माण**

सरकारले 44 हजार सात सय करोडको दुई प्रमुख जहाज निर्माण परियोजनाहरूको लागि सञ्चालन दिशानिर्देशहरू जारी गरेको छ। यसको उद्देश्य भारतको घरेलु जहाज निर्माण क्षमता बढाउनु र देशको विश्वव्यापी प्रतिस्पर्धात्मकता सुधार गर्नु हो। यी परियोजनाहरू जहाज निर्माण वित्तीय सहायता योजना र जहाज निर्माण विकास योजना हुन्।

बन्दरगाह, ढुवानी तथा जलमार्ग मन्त्री सर्वानन्द सोनोवालले भन्नु भयो, यी दिशानिर्देशहरूले स्थिर र पारदर्शी रूपरेखा सिर्जना गर्नेछन्, घरेलु जहाज निर्माण क्षमता सुधार गर्नेछन् र कनेक्टिभिटीलाई प्रवर्द्धन गर्नेछन्। उहाँले भन्नु भयो, यसले ठूलो मात्रामा लगानी सक्षम पार्नेछ र विश्वस्तरीय क्षमताहरू निर्माण गर्नेछ। श्री सोनोवालले भन्नु भयो, प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वले भारतको जहाज निर्माण क्षेत्रको लागि एक निर्णायक नीतिगत पुनर्निर्धारण गरेको छ। उहाँले भन्नु भयो, दुबै योजनाहरू ३१ मार्च २०३६ सम्म मान्य रहनेछन्।

**जहाज निर्माण वित्तीय सहायता योजना** अन्तर्गत 24 हजार सात सय 36 करोडको जम्मा कोषको साथ सरकारले जहाज श्रेणीमा निर्भर गर्दै प्रति जहाज १५ प्रतिशतदेखि २५ प्रतिशतसम्मको वित्तीय सहायता प्रदान गर्नेछ। यो योजनाले साना सामान्य, ठूला सामान्य र विशेष जहाजहरूको लागि स्तरीय सहायता प्रदान गर्दछ। 19 हजार नौ सय 89 करोड रुपियाँको बजेट परिव्यय भएको जहाज निर्माण विकास योजनाले दीर्घकालीन क्षमता र सीप निर्माणमा ध्यान केन्द्रित गर्दछ। यो योजनाले

अनुसन्धान, डिजाइन, नवप्रवर्तन र सीप विकासलाई समर्थन गर्न हरित क्षेत्र जहाज निर्माण क्लस्टरहरूको विकास, अवस्थित ब्राउनफिल्ड शिपयार्डहरूको आधुनिकीकरण र भारतीय समुद्री विश्वविद्यालय अन्तर्गत भारतीय जहाज प्रविधि केन्द्रको स्थापनाको लागि व्यवस्था गर्दछ।

**गान्तोक - माई भारत' जागरूकता कार्यक्रम**

**माई भारत'** पहल अन्तर्गत सिक्किमको पाक्योङ जिल्लाको कपुथाङ सरकारी पोलिटेक्निकमा हिजो प्रमुख योजनाहरूमा कार्यशालाहरू आयोजना गरियो। यो एक जागरूकता र क्षमता निर्माण कार्यक्रम हो। हाम्रा संवाददाताले बताए अनुसार युवा, विद्यार्थीहरू र समुदायका सदस्यहरूले कार्यक्रममा भाग लिएका थिए र छलफलमा भाग लिएका थिए।

**बाइट**

**सीबीआई-सुप्रीम कोर्ट-उन्नाव**

उन्नाव बलात्कार मुद्दामा उत्तर प्रदेशका पूर्व विधायक कुलदीप सिंह सेन्गरलाई सुनाइएको आजीवन कारावासको सजाय निलम्बनलाई चुनौती दिने केन्द्रीय अनुसन्धान ब्यूरो (CBI) को याचिकाको सुनुवाइ भोलि सर्वोच्च अदालतले गर्नेछ।
यो मुद्दा भारतका प्रधानन्यायाधीश सूर्य कान्त, न्यायाधीशहरू जे.के. महेश्वरी र ऑगस्टीन जॉर्ज मसीहको अवकाशकालीन बेन्चमा सूचीबद्ध छ। अदालत हाल जाडो बिदाको लागि बन्द छ र ५ जनवरीदेखि नियमित काम सुरु गर्नेछ।
सेन्गरलाई तल्लो अदालतले 'लोक सेवक' को परिभाषाभित्र पर्ने आधारमा सजाय सुनाएको थियो। उच्च अदालतले यस हप्ताको सुरुमा उनलाई जमानत दिँदै यो नियम सेन्गरको मुद्दामा लागू हुँदैन किनभने उनलाई 'लोक सेवक' को रूपमा वर्गीकृत गर्न सकिँदैन भनी फैसला गरेको थियो।

उत्तर प्रदेशको उन्नाव जिल्लामा एक नाबालिग केटीलाई बलात्कार गरेको आरोपमा दिल्लीको एक ट्रायल कोर्टले कुलदीप सिंह सेन्गरलाई दोषी ठहराएर जेल सजाय सुनाएको थियो।

**म्यानमार चुनाव**

म्यानमारमा आम चुनावको पहिलो चरणको लागि आज मतदान गरिनेछ। तीन चरणको आम चुनावको दोस्रो चरण ११ जनवरीमा र तेस्रो चरण २५ जनवरीमा हुनेछ। यी चुनावहरू २०२१ मा सेनाले नोबेल पुरस्कार विजेता आङ सान सुकीको सरकारलाई अपदस्थ गरेको पाँच वर्षपछि आयोजना गरिँदैछ। यो विद्रोह व्यापक जनविरोधको सामना गर्नुपरेको थियो। सेनाले यी चुनावहरूलाई बहुदलीय लोकतन्त्रमा फर्कने रूपमा वर्णन गरेको छ। देशको ३३० निर्वाचन क्षेत्रहरूमध्ये १०२ मा आज मतदान हुने तालिका थियो, तर ती मध्ये ५६ मा मतदान रद्द गरिएको छ।

२०२० को चुनावमा व्यापक मतदाता दर्ता अनियमितता भएको दाबी गर्दै सेनाले १ फरवरी २०२१ मा सत्ता कब्जा गरेको थियो। देशभर छवटा दलहरूले चुनाव लडिरहेका छन्। राष्ट्रीय विधायिकाको दुवै सदनहरु तथा राज्य र क्षेत्रीय विधान सभाहरूमा एक हजार एक सयभन्दा बढी सिटका लागि पांच हजारभन्दा बढी उम्मेदवारहरू प्रतिस्पर्धा गरिरहेका छन्।
आङ सान सुकी र उनको पार्टीले चुनाव लडिरहेका छैनन्।

**महिला क्रिकेट - भारत श्रीलंका**

महिला क्रिकेटमा भारतले आज केरलाको तिरुवनन्तपुरमस्थित ग्रिनफिल्ड अन्तर्राष्ट्रिय स्टेडियममा चौथो टी-२० अन्तर्राष्ट्रियमा श्रीलंकासँग खेल्नेछ। म्याच आज साँझ ७ बजे सुरु हुनेछ। हरमनप्रीत कौरको नेतृत्वमा रहेको महिला टोलीले पहिले नै ५ म्याचको शृङ्खलामा ३-० को अजेय अग्रता लिइसकेको छ। शृङ्खलाको पाँचौं म्याच मंगलबार सोही मैदानमा खेलिनेछ।

शुक्रबार खेलिएको अन्तिम म्याचमा आयोजक भारतले श्रीलंकालाई ८ विकेटले पराजित गरेको थियो। यसअघि, विशाखापट्टनममा भएको शृङ्खलाको पहिलो दुई म्याचमा भारतले अलराउन्ड प्रदर्शन देखाउँदै दुवै म्याच सहज रूपमा जितेको थियो।

****** o ******